म.जि. प्र. का. द.नं : १०६/०६८, वर्ष १४ अंक १७८ शुक्रबार, २५ माघ २०८१ ने. सं. ११४५ सिल्लाश्व 7 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण गरौं

- संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरुको संरक्षण गर्नु हाम्रो दायित्व हो,
- साँस्कृतिक विविधता बीच एकता कायम राखौं,
- सांस्कृतिक धरोहरहरूको प्रचारप्रसार र सुरक्षा गरौं,
- सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं, साँस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडाबाट ह्वैं आएको निर्यात व्यापारमा गिरावट

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ मकवानपुर जिल्लाबाट भारत तथा तेस्रो मुलुकमा हुँदै आएको निर्यात व्यापार घटेको छ । गत आर्थिक वर्ष २०८०/८१ को पहिलो छ महिनाको तुलनामा चालु आवको छ महिनामा मकवानपुर जिल्लाबाट भएको निर्यात व्यापारमा गिरावट आएको हो ।

चालु आव २०८१/८२ को गत साउनदेखि पुस मसान्त सम्ममा मकवानपुरबाट पाँच करोड ५९ लाख सात हजार ९९३ रुपैयाँ बराबरको निर्यात भएको छ । उत्पत्तिको प्रमाणपत्र जारी गर्दै आएको मकवानपुर उद्योग वाणिज्य संघका अनुसार गत आव २०८०/८१ मा मकवानपुरमा सञ्चालनमा रहेका निर्यातमूलक उद्योग र व्यावसायिक प्रतिष्ठानले २२ करोड ७० लाख ८० हजार ३१० रुपैयाँ बराबरको निर्यात गरेका थिए ।

व्यापारिक प्रतिष्ठान र उद्योग गरी गत आवको पहिलो छ महिनामा पाँचवटा र चालु आवको पहिलो छ महिनाको अवधिमा भारत तथा तेस्रो मुलुकमा निकासी गरेको संघले जनाएको छ । संघका अनुसार प्याक्ट ग्रुप क्लोजर मर्मतको क्रममा रहेकोले पनि चालु आवको पहिलो छ महिनाको निर्यातमा ह्रास आएको हो ।

लोठसल्लाको पाउडर निर्यात गर्दै आएको इभान्स लाइफ साइन्सेस प्रा.लि.ले निर्यात व्यापारमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै संघले यसअघि सम्मान गरेको थियो । गत आवमा बिस्कुट, पपलगायत

द्विसिद्धि सिमेण्ट उद्योग, इभान्स लाइफ साइन्सेस प्रा.लि.र सिक्स भिल्ला प्रा.लि.ले निर्यात गरेको छ । यी उद्योग र व्यापारिक प्रतिष्ठानले प्लाष्टिकका बिर्को, सिमेण्ट, लोठसल्लाको पाउडर, पास्ता, कुरकुरेलगायतका खाद्यान्न निर्यात गरेको संघले जनाएको छ । संघका अनुसार प्याक्ट ग्रुप क्लोजर मर्मतको क्रममा रहेकोले पनि चालु आवको पहिलो छ महिनाको निर्यातमा ह्रास आएको हो ।

लोठसल्लाको पाउडर निर्यात गर्दै आएको इभान्स लाइफ साइन्सेस प्रा.लि.ले निर्यात व्यापारमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै संघले यसअघि सम्मान गरेको थियो । गत आवमा बिस्कुट, पपलगायत उत्पादन भारततर्फ निर्यात गरेको खजुरीको नेपाल प्रा.लि. को उत्पादन चालु आवमा निर्यात भएको छैन । गत आव २०८०/८१ मा मकवानपुर जिल्लाका विभिन्न उद्योगबाट ४३ करोड ५३ लाख ९४ हजार ९९४ रुपैयाँ बराबरको उत्पादन भारत तथा तेस्रो मुलुकमा निर्यात भएको थियो ।

मकवानपुरबाट भारत तथा तेस्रो मुलुकमा ह्वैं आएको निर्यात व्यापारमा हरेक वर्ष गिरावट आएको छ । तेस्रो मुलुकमा हुने निर्यात करिब ठप्पै भएको छ । बिगतको इतिहास हेर्दा मकवानपुरबाट २०७४/७५ को पहिलो ६ महिनामा ९ करोड ७१ लाख ३१ हजार रुपैयाँ बराबर निर्यात व्यापार भएको थियो । त्यतिबेला मकवानपुरका सातवटा उद्योगको निर्यातका लागि उद्योग वाणिज्य संघले उत्पत्तिको प्रमाणपत्र जारी गरेको थियो ।

हेटौंडा औद्योगिक क्षेत्रमा रहेका औद्योगिक प्रतिष्ठानले वस्तु उत्पादनमा भन्दा ट्रेडिङ व्यवसायतर्फ उन्मुख भएको उद्योग संघका पूर्वअध्यक्ष नवराज अर्यालले बताए । सरकारले उत्पादन गर्ने उद्योगलाई बढी कर लगाउने र भारतीय बजार बाट तयारी वस्तु ल्याएर मार्केटिङ गर्ने उद्यागलाई प्राथमिकता दिएको अर्यालले बताएका छन् । तत्कालीन बालाजी नेचुरल इण्डस्ट्रीजले लोठसल्लाको प्रशोधन गरी टेक्सास बोकाटालगायतका औषधिजन्य कच्चापदार्थ निर्यात गरेको थियो ।

निर्यात गर्ने व्यवसाय चुनौतीपूर्ण बन्दै गएको उद्योग संघले जानकारी दिएको छ । एक दसकअघि मकवानपुरका २५ निर्यातमूलक उद्योगमध्य १९ वटा क्रसरजन्य उद्योग थिए । क्रसर जन्य उद्योगको उत्पादन निर्यातमा नेपाल सरकारले रोक लगाएपछि मकवानपुरको निर्यात व्यापारमा भारी गिरावट आएको हो । आव २०७०/७१ मा मकवानपुरबाट निर्यात गर्ने उद्योगको संख्या २७ वटा पुगेको थियो ।

युनिलिभर नेपाल लि., एशियन पेन्ट्स प्रालि., अन्टार्टिक बिस्कुट इण्डस्ट्रीज प्रालि. जस्ता बहुराष्ट्रिय उद्योगले करिब १३ वर्षदेखि निर्यात व्यापार गरेका छैनन् । आब २०७०/७१ मा मकवानपुरबाट निर्यात व्यापार गर्ने उद्योगको संख्या २२ वटा रहेका थिए । मकवानपुर बाट २०७४/७५ मा भारततर्फको निकासी २३ दसमलव ७८ प्रतिशतले घटेको मकवानपुर उद्योग वाणिज्य संघले जनाएको छ ।

आव २०७१/७२ मा ४८ करोड ७७ लाख रुपैयाँको निर्यात व्यापार भएकोमा २०७२/७३ मा ३७ करोड ५ लाख रुपैयाँमा झरेको थियो । त्यस्तै २०७३/७४ मा ३५ करोड रुपैयाँको निर्यात व्यापार भएकोमा २०७४/७५ मा २६ करोड ६७ लाख रुपैयाँमा सीमित भएको मउवासंघले जनाएको छ । नेपालमा लगानीको वातावरण नभएको भन्दै लगानीकर्ता पलायन भइरहेका छन् ।

निर्वाचन क्षेत्रका योजना थप गर्नुपर्ने सांसदहरुको माग

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ बागमती प्रदेशसभाका सदस्यहरुले निर्वाचन क्षेत्रसम्बन्धी योजना थप गर्नुपर्ने माग गरेका छन् । बिहीबार बसेको प्रदेशसभा बैठकमा निर्वाचन क्षेत्र केन्द्रित विशेष समयमा बोल्दै प्रदेशसभा सदस्यहरुले आ-आफ्नो निर्वाचन क्षेत्रमा तत्काल नै बाढीपीडित परिवारलाई पुनर्बसोबास गर्नुपर्ने र भौतिक पूर्वाधार विकासको संरचनाका लागि प्रदेश सरकारले तत्काल बजेट विनियोजित गर्नुपर्नेमा जोड दिएका हुन् ।

सत्तापक्ष र प्रतिपक्ष दलका सदस्यहरुले आ-आफ्नो निर्वाचन क्षेत्रको लागि आत्यावश्यक योजनामा क्रमशः खानेपानी, सडक निर्माण, बाढीपहिरोबाट पीडित भएको परिवारलाई पुनर्बसोबास गर्न र तत्काल विपद् आइपर्नुभन्दा अगाडि प्रदेश सरकार पूर्णतयारीका साथ रहनुपर्ने माग गरेका छन् । उनीहरुले जनताको चाहना असीमित रहेको भन्दै प्रदेश सरकारको बजेट अत्यन्तै कम भएको हुँदा ती क्षेत्रको योजनालाई पुनः समिक्षा गरेर क्रमशः बजेट वृद्धि गर्दै लैजान सरकारसँग आग्रह गरेका छन् ।

ती क्षेत्रमा पर्ने टुक्रे योजनालाई १० देखि २० लाख रुपैयाँसम्म छुट्याइएको र ती योजनाले त्यहाँको आवश्यकतालाई पूरा गर्न नसकिने हुँदा ती क्षेत्रका नागरिक प्रदेश सरकारप्रति आन्दोलित हुने गरेको बताउँदै त्यसतर्फ सरकार गम्भीर हुनुपर्ने उनीहरुको भनाई छ । यसैगरी, प्रत्येक निर्वाचन क्षेत्रमा खानेपानीको साथै स्वास्थ्यउपचारलाई उच्चप्राथमिकता दिनुपर्ने र शिक्षालाई गुणात्मक वृद्धि गर्न प्रत्येक बडामा माविं, निमाविं र प्राविमा शिक्षक दरबन्दी र विज्ञान शिक्षक उपलब्ध गराउनेतर्फ उनीहरुले जोड दिए ।

बैठकमा बोल्दै प्रदेशसभा सदस्यहरुले पछिल्लो समयमा प्रदेशको विभिन्न जिल्लामा जंगली जनावरको आक्रमणबाट मानव जीवनका साथै बस्तीमा ठूलो जनधनको क्षति भएकोमा दुःख व्यक्त गरे । साथै उनीहरुले पीडित परिवारलाई प्रत्यक्ष राहत उपलब्ध गराउनेतर्फ सरकारले छुट्टै एउटा कार्यदल बनाउनुपर्ने र त्यसलाई आगामी वर्षमा क्रमशः बजेट उपलब्ध गराउनेतर्फ पहल गर्नुपर्ने बताए ।

निर्वाचन क्षेत्रमा रहेका विभिन्न बडामा बाढीबाट घर डुबान हुने, समस्या बढ्दै गएकोले ती क्षेत्रका जनतालाई सुरक्षित रुपमा बसोबास गराउनेतर्फ प्रदेश सरकारले स्थानीय निकायमार्फत् बस्तीमा बाढीलाई नियन्त्रण गर्ने नहर र तटबन्धन निर्माण गर्नेतर्फ दीर्घकालीन योजना बनाउनुपर्ने उनीहरुको सुझाव थियो ।

पदेशका विभिन्न जिल्लाको गाउँबस्ती नजिक जंगलमा डढेलोको प्रकोप फैलिरहेकोले त्यहाँ एतिहासिक सम्पदा, मानवबस्तीमा नोक्सान गरेको भन्दै उनीहरुले अब प्रदेश सरकारले दीर्घकालीन रुपमा डढेलो नियन्त्रण गर्ने वैज्ञानिक प्रक्रिया अवलम्बन गरेर नियन्त्रण गर्ने प्रयासमा लाग्नुपर्ने र त्यसलाई कार्यान्वयन गर्नुपर्ने बताए ।

बैठकमा प्रदेशसभाका ३१ जना सदस्यले आ-आफ्नो निर्वाचन क्षेत्रको समस्याबारे जानकारी गराएका थिए । प्रदेशसभाको अर्को बैठक यही माघ २६ गते दिनको २ बजे बस्ने उपसभामुख अप्सरा चापागाईंले बिहीबारको बैठक स्थगित गरेकी थिइन् । बागमती प्रदेशसभाको पन्ध्रौं अधिवेशन बैठक यही माघ १८ गतेबाट सुरु भएको हो ।

प्रदेश लोकसेवा आयोगको प्रतिवेदन पेश

बागमती प्रदेशसभामा 'प्रदेश लोकसेवा आयोगको पाँचौं वार्षिक प्रतिवेदन' पेश गरिएको छ । बिहीबार अपराह्न बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री बहादुरसिं लामाले विधेयक पेश गरेका हुन् ।

मुख्यमन्त्री लामाले उपसभामुख अप्सरा चापागाईंको अनुमतिमा विधेयक सभामा प्रस्तुत गरेका हुन् । बैठकमा उपसभामुख चापागाईंले उद्योग, पर्यटन तथा वातावरण समितिमा प्रदेशसभाका सदस्य शैलेन्द्रमान बज्राचार्यलाई मनोनयन गरेकी थिइन् । बैठकले मनोनयन स्वीकृत प्रदान गरेको छ । प्रदेशसभाको अर्को बैठक यही माघ २६ गते दिनको २ बजे बस्ने उपसभामुख चापागाईंले बताइन् ।

चाडपर्वको संरक्षणमा बागमती सरकारको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले चाडपर्वको संरक्षण गरिने बताएका छन् ।

बिहीवार नेपाल माझी उत्थान संघ केन्द्रीय अध्यक्ष चिनीमाया माझी नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएको हो । अध्यक्ष माझीले मुख्यमन्त्री लामालाई ज्ञापनपत्र बुझाउदै देश संघीय संरचनामा रहेको सन्दर्भमा प्रदेश सरकारले माझी समुदायको मागलाई सम्बोधन गरिदिन अनुरोध गरे ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार नेपालमा एक लाख एघार हजार ३४२ जनसंख्या माझीको रहेको छ । नेपालमा रहेका माझीको कुल जनसंख्यामध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ४१ हजार ६७१ अर्थात कुल जनसंख्याको ३७.४२ प्रतिशत रहेको विज्ञप्तीमा उल्लेख छ ।

वर्षको फागुनको साइली मंगलबार पर्ने लदी (कोशी) पूजा यस वर्ष आगामी फागुन २० गते परेको छ ।

नेपाल माझी उत्थान संघ केन्द्रीय अध्यक्ष चिनीमाया माझी नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएको हो । अध्यक्ष माझीले मुख्यमन्त्री लामालाई ज्ञापनपत्र बुझाउदै देश संघीय संरचनामा रहेको सन्दर्भमा प्रदेश सरकारले माझी समुदायको मागलाई सम्बोधन गरिदिन अनुरोध गरे ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार नेपालमा एक लाख एघार हजार ३४२ जनसंख्या माझीको रहेको छ । नेपालमा रहेका माझीको कुल जनसंख्यामध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ४१ हजार ६७१ अर्थात कुल जनसंख्याको ३७.४२ प्रतिशत रहेको विज्ञप्तीमा उल्लेख छ ।

मनहरीमा बारिष्टा र कम्प्युटर तालिम समापन

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ मकवानपुरको मनहरी गाउँपालिका-६ मा नमूना सामुदायिक विकास समिति मकवानपुरको आयोजनामा भएको बारिष्टा र कम्प्युटर तालिम समापन गरिएको छ ।

मनहरी गाउँपालिका-६ वडा कार्यालय तथा सुनाचुरी सामुदायिक वन उपभोक्ता समितिको आर्थिक सहयोगमा १५ दिने बारिष्टा र १५ दिने कम्प्युट तालिम बुधबार समापन भएको हो । कार्यक्रम मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यमा भएको हो । गाउँपालिकाले समूह बनाएर आउनेलाई विभिन्न प्रकारका तालिम र आवश्यक सहयोग प्रदान गर्न तयार रहेको अध्यक्ष कालाखेतीले बताए ।

तालिमले व्यक्तिगत फाइदा दिने भन्दै आफ्नै घरमा कफी तयार गरेर खानुका साथै व्यवसाय सञ्चालन गर्ने अवसरसमेत उपलब्ध गराउने हुनाले नयाँ काम सुरुगर्न हौसला प्रकट गरे । कम्प्युटर र प्रविधि आधुनिक जीवनको अभिन्न अङ्ग भएको बताउँदै कम्प्युटर तालिम आजको युगको आवश्यकता भएको उनले बताए । यसले व्यक्तिलाई व्यावसायिक रुपमा दक्ष बनाउनुको साथै व्यक्तिगत जीवनमा समेत ठूलो सकारात्मक प्रभाव पार्ने उनको भनाई छ ।

मनहरी-६, का वडाध्यक्ष युवराज थपलियाले तालिमका लागि युवा-युवती धेरैले फारम भरेको भएपनि छनोट प्रक्रियाबाट थोरै मात्रै व्यक्तिलाई सहभागी गराई तालिम संचालन गरेको बताए । उनले महिलालाई स्वरोजगारमूलक र उद्यमशीलतासँग जोड्न यस्तो तालिम आवश्यक रहेकोले संचालन गरेको बताए । सुनाचुरी सामुदायिक वन उपभोक्ता समितिकी अध्यक्ष पार्वती मोक्तानले तालिमबाट प्राप्त सीपलाई व्यवसायिक क्षेत्रमा प्रयोग गर्न सहभागीलाई प्रेरित गरे ।

उनले वडा कार्यालयसँग सहकार्य गर्दै काम गर्ने अवसर पाएको उल्लेख गर्दै अब महिलाले नयाँ काम गर्दै समाजमा स्थापित हुनुपर्ने समय आएको बताए । बारिष्टा तालिम मेघा इन्स्टिच्युट अफ होटल म्यानेजमेन्टका शिक्षक सुवास न्यौपानेले दिएका थिए । तालिममा ६० जना महिलाको सहभागिता रहेको थियो ।

गुडविल कम्प्युटरका प्रशिक्षकद्वय सुभाष लामा 'सजल' र देवेन्द्र दुलालले तालिमको सहजीकरण गरेका थिए । तालिममा २४ जनाले सहभागिता जनाएका थिए । दुबै तालिम समापनमा प्रमुखअतिथि कालाखेतीले तालिममा सहभागी सबैलाई प्रमाणपत्र वितरण गरेका थिए । प्रशिक्षक तथा आर्थिक सहयोगी दातालाई मायाको चिनो प्रदान गरिएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

गुणस्तरीय खानेपानी उत्पादनमा जोड दिनुपर्छ

हेटौंडा बजारीकरणतर्फ लम्कँदै गर्दा बसोबास बढेसँगै बिस्तारै बसाईसराई गरेर हेटौंडामा बसोबास गर्नेको संख्या बढ्दै गयो । मानिसको आवश्याकता पनि बढ्दै गयो । हेटौंडा खानेपानी बिभागबाट २०२४ सालमा हेटौंडा-२ हरिकुन्जमा ५ लाख ४६ हजार लिटर क्षमताको टंकी निर्माण गरी तत्कालीन बुड्दलदेखि ६ किलोमिटर टाढाबाट ८ ईन्च व्यासको जिआई पाइपको माध्यमबाट पानी ल्याएर हेटौंडाबासीलाई पानी खुवाउने कार्यको सुरुवात गरिएको थियो । २०४० सालसम्म करीब १३०० धारा जडान गरी खानेपानी बिभागबाट दिईँदै आएको सेवाको व्यवस्थापन परिवर्तन भई खानेपानी तथा ढल निकास संस्थानबाट यसको व्यवस्थापन भयो । २०४३ सालमा हरिकुन्जमा ५ लाख लिटर क्षमताको टंकी निर्माण, कार्यालय भवन र हेटौंडा-४ करिमा २ वटा डिपट्यूवेल निर्माण भयो । २०४६ सालमा यसको नाम परिवर्तन गरी नेपाल खानेपानी संस्थान राखियो ।

सेवाक्षेत्र बिस्तार गर्ने क्रममा २०५० सालमा हेटौंडा-८ कमाने र २०५८ सालमा हेटौंडा-९ लामसुरेका बासिन्दाले संचालन गरेको खानेपानी प्रणाली यस संस्थानमा हस्तान्तरण भई सेवा सूचारु भयो । जनसंख्या बृद्धि, क्षेत्र बिस्तार, बसाईसराई आदि कारणले खानेपानीको मागमा अत्यधिक बृद्धि हुँदैजाँदा सोहीअनुरुप नेपाल खानेपानी संस्थानबाट उपभोक्ताको माग अनुसार खानेपानी उत्पादन र वितरण हुन कठिनाई भयो । पानीको समस्या दिनानुदिन बढ्दै गएपछि यसलाई मध्यनजर गर्दै हेटौंडा नगरपालिकाबाट खानेपानीको समस्या समाधानको लागि तत्काल एसियाली विकास बैंकसँगको सहकार्यमा १९ करोड १५ लाख रुपैयाँको खानेपानी आयोजना निर्माणकार्य गरियो । जब खानेपानी संस्थानलाई बोर्डमा लगियो तब खानेपानीको समस्या समाधा भएको नगरबासीको भनाइ छ । यतिबेला हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले दैनिक सरदर ३ करोड ७० लाख लिटर खानेपानी उत्पादन गरेर उपभोक्तालाई वितरण गर्दै आएको छ । उपमहानगरक्षेत्रमा बसोबास गर्ने करिब १ लाख ६५ हजार नगरबासीमा २८ हजार १ सय १२ वटा धारामार्फत ८ देखि ९ घण्टा पानी वितरण गर्दै आइरहेको छ । हेटौंडाको मुख्य बजारक्षेत्रमा भने २४ सै घण्टा पानी आपूर्ति गर्न बोर्ड सफल भएको छ ।

बोर्डमा हालसम्म १६ वटा खानेपानी उपभोक्ता समिति हस्तान्तरण भइसकेको छन् । नगरक्षेत्रभित्रको वडा नं. ११, १२ र १३ मा भने स्थानीय उपभोक्ता समितिबाट खानेपानी वितरणकार्य हुँदै आएको छ । उपमहानगरले नगरबासीलाई २०७९ भदौदेखि न्यूनतम १० हजार लिटर पानी महसुल निःशुल्क गर्दै आएको छ । १० हजार लिटर मात्र खानेपानी खपत गर्ने उपभोक्ता लाभान्वित भएका छन् । बोर्डले आफ्नै स्रोतबाट नगरक्षेत्रभित्र विभिन्न स्थानमा १५ वटा डिप ट्यूवेल निर्माण गरेको छ । मकवानपुर गढीमा ३ वटा, भीमफेदीमा २ र हेटौंडा-९ मा एक गरी ६ थान समवेल निर्माणकार्य आफ्नै स्रोतमार्फत् सम्पन्न गरेको छ । बोर्डले करिब ४ सय किलोमिटर पाइपलाइन विस्तार गरेको छ । हालसम्म बोर्डमा हेटौंडा-३, ६, ७, १४, १५, १६, १७, १८ र १९ मा सञ्चालित १६ वटा खानेपानी उपभोक्ता समितिबाट खानेपानीको पूर्वाधारसहित ९ हजार ५ सय धारा हस्तान्तरण भई आएको छ । खानेपानी उपलब्धतामा समस्या समाधान भएपछि बोर्डले खानेपानीको गुणस्तरमा ध्यान दिनु जरुरी छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०२५९९
वडा प्रहरी:	५२०२२९९
पशुपतिनगर इलाका:	५२०२५९८
पालुङ इलाका:	६२०४५७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२९१९८०
इलाका भीमफेदी:	६२९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२००००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५२०८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५२०५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बडुबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२५१८७, ९८४५१९१९४
बसमाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ २६ गते शनिबार ८ फेब्रुअरी २०२५ । एकादशी, माघ शुक्लपक्ष । सिल्लाब्द ११४५ ने.सं. । सूर्योदय ६:४८, सूर्यास्त ५:४९ ।

आजको राशिफल

मेष	: मानसिक सन्तोष हुनेछ	तुला	: अधुरा काम सम्पन्न हुनेछ
वृष	: धन प्राप्ति हुनेछ	वृश्चिक	: सवारी साधनबाट क्षति हुन सक्नेछ
मिथुन	: व्यापारमा नयाँ योजना बन्नेछ	धनु	: रिसाउने बानीले काम बिग्रनेछ
कर्कट	: कठिनाई कम हुनेछ	मकर	: नोकरीबाट असन्तोष बढ्नेछ
सिंह	: साथीभाइमा मनमुटाव हुनेछ	कुम्भ	: सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ
कन्या	: नयाँ काम समय देखिन्छ	मीन	: धार्मिक कार्यबाट प्रगति हुनेछ

कन्सल्टेन्सीप्रति निगरानी बढाउनुपर्ने अवस्था

अंशु भट्ट

काठमाडौं रोजगारको मुख्य शहर, चाहे कर्णालीको कोप्चा होस् वा सँगै टाँसिएको बनेपा, धादिङ शहर सबैको पहिलो चाहना जागिरे हुने काठमाडौं शहरमा । चाहे हुनेखाने हुन् वा नहुने, सबै सोच्छन्- काठमाडौंमा जान सके सानोतिनो जागिर त पक्का । जोगाड गरेर, कति त ऋण नै काढेर सपनाको शहर काठमाडौं धाउँछन्, तर प्रश्न यो छ कि यथार्थ के छ यहाँको ? पढेलेखेका त छाडौं, पढ्दै गरेका र धेरै नपढेका सम्पूर्ण कहाँ जान्छन् त काठमाडौं झरेसी जागिर खोज्न ? आखिर कति दु:ख भोगपुरिरहेको छ त उनीहरुलाई ? के राम्रो वातावरणमा जागिर, सही तलब र साँच्चै सपनाको शहर काठमाडौंले उनीहरुको दु:खको अन्त्य गरेको छ त ? प्रश्न हजारौं छन् तर जवाफ कोसँग छ ? कसैलाई पत्तो छैन ।

काम खोजिदिने कम्पनी आज सयौं खुलेका छन् काठमाडौं शहरमा, हजारौंले काम पनि पाएका छन्, रोजगारदातालाई कामदारको कमी पनि छैन तर यी हजारौंको भीडमा ठिगिनेहरुको संख्या कति छ ? यी जागिर खाइरहेका हजारौंले पनि राम्रो काम पाएका छन् त ? १० हजारको जागिर खानलाई कति तिरेका छन् उनीहरुले जब् कन्सल्टेन्सीहरुलाई ? अनि यही जब् कन्सल्टेन्सीहरुलाई कति फाइदा छ ? जब् कन्सल्टेन्सीहरुमा काम गर्ने मध्यस्थकर्ताको कमाइ कति छ त ? म एकदिन यही कौतुहल राख्दै नाम चलेका जब् कन्सल्टेन्सीहरुमा छिर्रे, 'काम चाहिन्यो, के काम छ होला ?' सबै काम सुर्ने, उनीहरुले फर्मको पैसा ५०० रुपियाँ भने अनि त्यसपछि ६ महिनासम्म जागिर हेरफेर गर्न कुनै आपत्ति नहुने स्पष्टसँग कुरा राखे, मसँगै छिरेका ४ जनाको विद्यार्थीको ग्रुपले ५०० मा जागिर पाउने भन्दै, खुशी भएर पैसा पनि तिरे । म केही बेर बुझेर मात्र तिर्छु भन्दै पाखा लागें । अब उनीहरुले बिस्तारमा काम बुझाउन थाले, माटमा गए २५०० चार्ज ट्रेनिङको फिस लाग्छ, सेक्युरिटी गार्डमा २००० चार्ज लाग्छ, त्यस्तै कामअनुसार २ हजारदेखि ४-५ हजार सम्मको चार्जको लिस्ट सामुन्ने आयो । बिचरा विद्यार्थीहरु एक-अर्कालाे मुखामुख गर्न थाले, जागिर खाने रहरमा गुलाबी रंग बिखरेका उनीहरुको अनुहार अकस्मात् ओइलायो । शायद घरबाट बा-आमाले पठाउने पैसामा त्यो चार्ज पुरैनथ्यो, उनीहरुले पैसा छैन, कमाएको बाट काट्न मिल्दैन ? भनेर सोधे ।

त्यहाँको कर्मचारीहरुले फटाफट उत्तर दिए, आज अन्तिम दिन हो पैसा तिर्नुभयो भने आइतबारबाट नै काम शुरु हुन्छ तत्र केही समय प्रतीक्षा गर्नुपर्ने हुन्छ । उनीहरु उठेर गए । दुई घण्टापछि हाँसिलो मुहारमा फर्किए पैसा तिरी बिल लिएर फर्किए । म त्यहाँ धाउँदै गरेका अरुसँग कुरा गर्न व्यस्त भएँ । एकजनाले सुनाए, 'एक हप्ता भइसक्यो धाएको, मेरो काम भएको छैन ।' यसरी नै अर्काको भनाइ यस्तो थियो, '१५ दिन भयो, मेरो पनि भएको छैन, दिनदिनै धाएको छु । म आएको देखेर काम जिम्मा लिएका सर फुत्त बाहिर निस्कन्छन् अनि फर्किदैनन् । हस्मा पनि बस्ने नै हो, यहीं आएर बच्छु भनेर धाएको ६ दिन भयो । आखिर पैसा त तिरिसकें, अब यिनीहरुको फिर्ता त दिँदैन्, जागिर पनि यस्तै जब् कन्सल्टेन्सीहरुबाट गर्ने हो, अब झगडा गरेर के गर्नु बरु हात होस् कि खुट्टा जोड्नु त पऱ्यो आखिर ।' 'जुन जोगी आए पनि कानै चिरिएको' भन्ने उखान उनको भावमा स्पष्ट झल्किन्थ्यो ।

कति छन् यसरी जब् कन्सल्टेन्सीहरुबाट ठगिने ? यिनीहरुको कामको रेखदेख सरकारी क्षेत्रबाट कसरी गरिएको छ ? मैले उनीहरुको तलब सोधें । उनीहरुले तलब सुनिश्चित हुँदैन, कसैको थोरै हुन्छ त कसैको महिनाको ६०-७० हजार पनि हुन्छ भने । म जवाफहीन भएँ । आफूले खाइपाई आएको जागिर छोड्ने बिचार पनि आयो एकछिन् त । एकछिन् सोचें पनि, शायद कर्मचारी राख्ने रणनीति पो हो कि भनेर सोचेको । तर पनि उनीहरुले बिनासोचविचार त बोलेनन्, पक्कै आफ्नो सहकर्मीले गनेको तलबको बिटो प्रमाण थियो । बैंकको ब्रान्च म्यानेजर, सरकारी कार्यालयको अधिकृत र कैयौं ठूला पदको तलबभन्दा राम्रो एउटा जब् कन्सल्टेन्सीमा कन्सेलरको कमाइ ! यदि काउन्सेलरको यो कमाइ छ भने त्यसको वास्तविक मालिकले कति कमाउँछ, कताबाट कमाउँछ ? रोजगारदाताबाट कमिसन खान्छन् त ? पक्कै पनि होइन होला, ती १०-१२ हजारको जागिर खोज्ने, फोटोकपीको पैसा तिर्दा जिब्रो टोक्ने, ती आफ्नो गाउँ छाडेर काठमाडौं शहरमा पढ्न आएका विद्यार्थीहरु, ती सेक्युरिटीको जागिर खोज्ने कुनै नेपालको कोप्चाबाट आएको साईलोसँगबाट । आखिर त्यो घरका ५-६ जना परिवार पाल्नेलाई कुनै देशको कोप्चाबाट आएको गरिब , चुँडिएको चप्पल सिलाएर लाउने, बजारमा हिँड्दा म:म:को बास्ला खाली पेटको तारहरु सारंगीभैं रेट्दा, मुन्टो बटारेर हिँड्ने व्यक्ति जो कमाउन बाध्य छ, कमाउने सपना देख्छ, उसको च्यातिएको गोजीमा गाँठो पारेर राखिएको पैसा जागिरको नाममा विभिन्न चार्ज भनी लिएर एउटा जब् कन्सल्टेन्सी मोटाएको छ ।

सरकार सधैं नारा लगाउँदै छ, नेपालमा काम गर्ने जनशक्ति छैन सबै विदेशिइसके । जबसम्म ती सरकारी कुर्सीमा मञ्चैदै 'विदेशिए नेपाली जनशक्ति, हामो देशको विकास जनशक्तिविना कसरी हुन्छ ?' भनी भाषणमा भन्नेहरु जब् कन्सल्टेन्सीहरुको बाहिर १८ वर्ष पुरनेबितिकैदेखि ६० वर्षसम्मकाहरुबाट खोलिएको जुत्ता-चप्पलको भीड हर्ने जहिलन् तबसम्म कसरी थाहा पाउँछन् अझै पनि पनि नेपालमा बाध्यता वा रोजाइले बस्नेहरुको लागि योग्य जागिर उपलब्ध हुन सकेको छैन ।

१०-१२ हजारको जागिरका लागि धाउने, कम पढेलेखेका, १८ वर्षकै उमेरबाट आर्थिक स्वतन्त्रता पाउन चाहने ती हरेक विद्यार्थीप्रति जिम्मेवारी कसको ? जब् कन्सल्टेन्सीहरुमा छुट्के जाँच र कडाइ कसको ? के हरेक नेपालीले विनाशुल्क जागिर पाउनु मौलिक हकमा पर्ने आउँदैन र ? हरेक भाषणमा नेपालमै बस्न उत्प्रेरणा दिने सरकार, नेपालमा बाँकी भएका काम गर्न इच्छुक हरेक नेपालीलाई न्यूनतम पारिश्रमिक न्दा कममा काम गर्न नपरोस् भनेर कसरी रणनीति र कार्यनीति बनाउँदै छ त ? के सरकारको माध्यमबाट नै राेजगारी रणनीति ल्याएर, जागिर खान चहाने हरेक व्यक्तिलाई विनाशुल्क चाहे सेक्युरिटी गार्ड होस्, चाहे घर-घरमा मागिने घरको काम गर्ने मान्छे होस्, सही तलब, इन्सुरेन्सको प्रबन्ध गर्न सक्दैन र ? के ती १०-१२ हजारको जागिरको लागि भौतारिने सबै नागरिकले ऋण, धन लुटपाट गरेर नै विदेशिने सपना पूरा गर्ने हो ?

आखिर दक्ष जनशक्तिको महत्वलाई प्राथमिकता दिँदै ती कर्णाली र मुगुका ऋण काढेर काठमाडौं शहर छिरेका गरिब दाजुभाइ, दिदीबहिनीलाई १०-१२ हजारको जागिरको लागि महिनौं जब् कन्सल्टेन्सीहरुमा धक्का खाएर, हजारौं विभिन्न नामको चार्ज तिरेर लाइनमा कहिलेसम्म राख्ने त ? के सरकारले यस्तो कम तलबमा काम गर्ने व्यक्तिहरुलाई कसरी जीवनयापनमा सहयोग गर्ने भनेर कुनै रणनीति ल्याएको छ ? महिनाको १-२ हजार रोजगार दाताबाट नै इन्सुरेन्स वा कुनै लगानीमा लगाउनुपर्ने बाध्यता कसेर, सरकारले नै कुनै एआई वा एप्स बनाएर सम्पूर्ण देशको जागिर खोज्ने र जागिर दिलाउने व्यवसायीलाई निःशुल्क, विनाभन्फर राेजगारी पाउने अवस्था किन सिर्जना गर्न सकेको छैन ? विद्याथी वर्गहरू जो आफ्नो खुट्टामा पार्ट टाइम गरेर उभिन चाहन्छन् ताकि घरमा आमाबुबासँग मासिक खर्च माग्नु नपरोस्, उनीहरुको लागि पनि कता व्यवस्था गरिएको छ जागिर ? अनि सम्पूर्ण युवाहरू ऋण-धन गरेर, बैंकलाई आर्थिक आर्जनको बाताबरण दिएर विदेशिनुबाहेक के विकल्प रहन जान्छ त यहाँ ?

हामी विदेशमा ठगिएका कैयौं दाजुभाइ, दिदीबहिनीलाई हेरेर हाँस्छौं, भन्छौं नेपालजस्तो कहाँ छ र अरु देश ? तर नेपालमै यस्ता जब् कन्सल्टेन्सीहरुमा ठगिने, अनलाइन जब्को प्रलोभनमा पर्ने, विभिन्न सोसियल मिडियामा सजिलोसँग पैसा कमाउने तरिका देखाई फसाउने नेपाली नै हजारौंको संख्यामा छन् । तर कोही ठगिनेहरु अगाडि आई खुलेर भन्दैनन् कि उनीहरु कहाँ कसरी ठगिए ? आखिर जनचेतनाको कमी र निरन्तर ठगीको मारमा पर्ने कुरामा गल्ती कसको ? आफू ठगीमा परेको कुरा सबैसँग खुलेर नबोल्नेको, चाहे १०० मा नै किन नहोस् पुलिसमा रिपोर्ट नगराउनेको, त्यो त ठगिएछ भन्दै समाजको हुल बनाएर ठगिनेको खिल्ली उडाएर रमाउने वा जनतापृतिको उत्तरदायित्व बहन नगर्ने समूर्ण सरकारी निकाय, राजनीतिक पार्टी र सरकारको ?

(साभारः न्यूज अफ नेपाल)

अनुदार लोकतन्त्र उन्मुख नेकपा कांग्रेस !

विश्वमणि पोखरेल

प्रधानमन्त्री केपी शर्मा ओलीको एउटा सुन्दर संयोग के हो भने उनी सुविधाजनक बहुमतको प्रधानमन्त्री बन्छन् । र, त्यो सुविधाजनक शक्तिलाई संविधानको मर्म र भावनाविपरित दुरुपयोग गर्ने मानसिकताबाट ग्रसित हुने गर्छन् । संसद्को प्रचण्ड बहुमतको आडमा संसदीय व्यवस्थाकै अपमान हुनेगरी अहंकारी बन्ने चेष्टा गर्छन् । उनका यसपटकका केही कामकारबाही र विगतले यसै भनिरहेको छ । चर्चामा आइरहने राजनीतिक पात्र माधवकुमार नेपाल कुनै बेला नेकपा (एमाले)मा ओलीकै नेता थिए । अहिले एमालेबाट अलगिएर नेकपा (एकीकृत समाजवादी) गठन गरेका छन् । उनले केही दिनअघि सार्वजनिक मञ्चबाट रोष प्रकट गर्दै ओलीलाई लोकतान्त्रिक बन्न सुझाव दिएका थिए । नेकपा (एकीकृत समाजवादी)ले ललितपुरमा पुस २७ मा आयोजना गरेको एक कार्यक्रमा ओलीलाई लक्षित गर्दै नेपाल भन्दै थिए - 'फासिस्ट बनेर पार लगाउन सक्नुहुन्न । लोकतान्त्रिक बन्नुस्, लोकतान्त्रिक विधि अवलम्बन गर्नुस्, अरूको मानसम्मान गर्न जान्नुस्, सहकार्य गर्नुस् ।'

एमाले अध्यक्ष ओलीका लागि माधवकुमार नेपाल सायद प्रमुख विरोधी हुन् । ओली नेपालको दल एकीकृत समाजवादीलाई कुनै हिसाबले मान्यता नदिने पक्षमा थिए । ओली अहिले पनि सायद त्यो दलको नामोनिसान नहोस् भन्ने चाहन्छन् । एमालेलाई टुक्र्याएर बनेको एकीकृत समाजवादीप्रति ओली रुष्ट हुनु स्वभाविकै मान्न सकिएला । तर, यहाँ विवेचना गर्न आवश्यक छ । माधव नेपालका आरोप आरोपका लागि मात्र हुन् वा सरकारको कार्यशैली र ओलीको विगतका व्यवहारबाट सृजित भएका शंका हुन् ? नेपाली कांग्रेस र एमालेको समीकरणबाट बनेको सत्तालई नेकपा 'कांग्रेस' को सज्ञा दिन सकिन्छ । त्यो लोकतान्त्रिक मूल्यप्रद्धति, लोकतान्त्रिक उदारवादप्रति संवेदनशील छ त ? चुनाव हुनु, सत्ताका लागि बहुमत पुऱ्याएर सत्ता संचालन गर्नुमात्र लोकतन्त्र हो ? सिंहदरबारमा जननिर्वाचित प्रतिनिधिको हातमा शासन हुनुमात्र लोकतन्त्र मान्न सकिन्छ ? सकिँदैन । कारण लोकतन्त्रका केही मानक छन् । ती मानकबाट ओली स्खलित हुँदै गएको उनका बोली व्यवहार, सरकारको कार्यशैलीले संकेत त गरिरहेका छैनन् ?

संवैधानिकता, विधिको शासन, अल्पमतको सम्मान, मानव अधिकारको पालना, वैयक्तिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता आदि लोकतन्त्रसँग जोडिएका पक्षा हुन् । हुन त, नेपालमात्र होइन विश्वको राजनीतिक दृश्यमा निर्वाचनबाट सत्तामा आउने र अधिनायकवादी शैलीमा शासन चलाउने प्रवृत्ति बढ्दो छ । कोरा राष्ट्रवादी आवरणमा फैलँदै गएको यस्तो राजनीतिक परिवेश उदार लोकतन्त्रका पक्षधरका लागि चुनौतीपूर्ण बन्दै गएको छ । संविधानले संसदीय लोकतान्त्रिक राजनीतिक प्रणालीको प्रत्याभूत गरेको छ । सत्ताधारी कांग्रेसको राजनीतिक आदर्श संसदीय लोकतन्त्र नै हो । तर, संसद छल्ने नियतवश कसरी र किन एकपछि अर्को अध्यादेश जारी गरिए ? हिउँदे संसद् बोलाए त्यहाँ आफूले चाहेका विधेयक पेस गर्ने, संसद्, संसदीय समितिहरूमा छलफल गर्ने र विधेयकलाई ऐनको रूप दिने संसदीय परिपाटीलाई किन लत्याइयो ? प्रतिपक्षीहरूले हिउँदे अधिवेशन आह्वान गर्न माग गरिरहेको अवस्थामा अध्यादेश जारी गर्नु संसदीय विधि प्रक्रिया छल्न खोज्नु नै त हो ।

किन यस्तो अवस्था आइलाग्यो त ? कुनै पनि विधेयक ऐन बन्नुअघि गहन छलफल हुनु आवश्यक हुन्छ । प्रतिनिधिसभा, राष्ट्रियसभा हुँदै विधेयक परिमार्जित हुँदै दुवै सदनबाट पास भएपछि ऐन निर्माण हुने हो । प्रचारात्मक शैलीमा सार्वजनिक मञ्चबाट रोष प्रकट गर्दै ओलीलाई आवश्यकता देखाउँदैनन् । संसद् नचलेको समयमा आकस्मिक रूपमा कुनै, अत्यावश्यक कानुन आवश्यक परेमा अध्यादेशको बाटो लिने हो । तर, त्यस्तो इमरजेन्सी अहिले केही देखिँदैन । विसं २०८१ पुस १४ गते 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी भएको छ । सहकारी समस्याको विकरात पाटो छ । यो समस्यालाई लिएर गत वर्षको प्रतिपक्षी कांग्रेसले संदन र सदनबाहिर पनि चर्काएको विरोधको पष्ठभूमिमा समिति बनेको हो । नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाललाई कांध थापेका ओली प्रारम्भमा समिति बनाउन नहुने पक्षमा थिए । तर, अन्त्यमा ओलीकै विश्वासपात्र सूर्य थापाको संयोजकत्वमा समिति बन्यो र समितिले सहकारीका समस्याहरू पर्गेल्दै विभिन्न सुझाव दिएको छ ।

समितिको प्रतिवेदन तथा सहकारी पीडितका उजुरीहरूको पृष्ठभूमिमा चालेको कार बाहीमा संसद्को चौथो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलगायत माथिको कानुनी कारबाही जारी छ । मौजुदा ऐन कानुनअनुसार कारबाही चलाउन कुनै बाधाअड्चढ परेको भए पनि अध्यादेशबाट ऐन ल्याउने कामले शंका बढाउँछ र राजनीतिक नियत राखेर राखेर कारबाही चलाइयो भन्ने आरोपलाई बल मिलेको छ । बर्षौंदेखि जकडिएका समस्याको समाधान हतारमा गरिहाल्ने इमानदार हुटहुटीबाट अध्यादेशको बाटो लिएको हो त ? राजनीतिक परिदृश्यले त्यस्तो संकेत गर्दैन । पुष २६ गते अपराह्न प्रधानमन्त्री ओली, न्याय कानुन तथा संसदीय मामिलामन्त्री अजय चौरसिया तथा मुख्यसचिव एकनारायण अर्यालसमेतको टोलीको नेतृत्व गर्दै राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गर्न शीतलनिवास पुगे ।

सोही दिनरात अबेरसम्म मन्त्रिपरिषद् बैठक बस्यो र तीनवटा अध्यादेश जारी गर्ने लगायतका निर्णय लिन पुग्यो । भूमि, लगानी र सरकारी कामकाजसम्बन्धी कानुनहरू मन्त्रिपरिषद्बाट अध्यादेशको रूपमा जारी भइसकेका छन् । संभवतः माघ १८ देखी सुरु भएको अधिवेशनमा पेस हुनेछन् । अध्यादेश संसद्मा पेस भएपछि त्यसलाई स्वीकृत गर्ने वा अस्वीकृत गर्नेबाहेक विकल्प हुँदैन । अध्यादेशहरूले संसद्मा विस्तृत छलफल हुने, समितिहरूमा छलफल भएर परिमार्जित हुने संभावना भने राख्दैनन् । संसदीय रेकर्ड वा औपचारिकताका लागि भाषणहरू हुनसक्छन् । विरोध समर्थन र औचित्यमाथि बहस हुँदाहुँदै पनि नेकपा कांग्रेसको बहुमतको बलमा अध्यादेश अनुमोदित हुन सक्छन् ।

संविधानको धारा ११४ मा अध्यादेशको प्रावधान छ र त्यसको उपधारा (१) मा संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारि समा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ भनेर लेखिएको छ । संविधानमै तत्काल केही गर्न आवश्यक परेमा भन्ने शब्द उल्लेख भएको छ तर कुनै तत्काल नगरी नहुने अवस्था देखाएर यी अध्यादेश अगाडि सारिएका होइनन् । सोही धाराको उपधारा (२) मा उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ ।

तर त्यस्तो प्रत्येक अध्यादेश (क) जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वत: निष्किय हुनेछ, (ख) राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ, र (ग) खण्ड (क) वा (ख) बमोजिम निष्किय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वत: निष्किय हुनेछ भन्ने उल्लेख छ । स्पष्टीकरण : यस उपधाराको प्रयोजनका लागि "दुवै सदनको बैठक बसेको दिन" भन्नाले संघीय संसद्का दुवै सदनको अधिवेशन प्रारम्भ भएको वा बैठक बसेको दिन सम्झनुपर्छ र सो शब्दले संघीय संसद्का सदनहरूको बैठक अघिपछि गरी बसेको अवस्थामा जुन सदनको बैठक पछि बसेको छ सोही दिनलाई जनाउँछ ।' भन्ने लेखिएको छ ।

दुवै सदनबाट अनुमोदन हुनुपर्ने बाध्यता भने सत्ताधारीका लागि चुनौतीपूर्ण देखिन्छ । कारण, राष्ट्रिय सभामा प्रतिनिधि सभाको जस्तो बहुमतको सुविधा छैन । कुल ५९ सदस्यीय राष्ट्रिय सभामा अध्यक्ष नारायणप्रसाद दाहाल सामान्य अवस्थामा पक्ष, विपक्षमा खुल्न मिल्दैन । बहुमतका लागि बाँकी ५८ जनामध्ये ३० सदस्यको मत आवश्यक हुन्छ । सत्ताधारी र विपक्षी दुवै कित्तामा २९ २९ सांसद छन् । सत्ताधारी कांग्रेसका १६, एमालेका १०, लोकतान्त्रिक समाजवादीको एक र मनोनीत अन्जन शाक्य एक गरेर २८ जना हुन्छन् । हालैमात्र एमालेमा 'सम्मानजनक' प्रवेश पाउने आश्वासन पाएका नेकपा एकता राष्ट्रिय अभियानका संयोजक वामदेव गौतमलाई सत्ताको कित्तामा जोड्दा २९ हुन आउँछ । उता, प्रतिपक्षी कित्तामा माओवादीका १७ नेकपा (एकिकृत समाजवादी)का ८, जनता समाजवादी नेपालका ३ गरेर २८ जना हुन्छन् । राष्ट्रिय जनमोर्चाका एक जना संभवत: सत्ताधारी कित्तामा गणना गर्न मिल्दैन । यस अर्थमा प्रतिपक्षी कित्ता पनि २९ को हुन आउँछ । अध्यक्षले निर्णायक मत दिनुपर्ने अवस्था भयो भने माओवादीका सांसद अध्यक्ष भएका कारण प्रतिपक्षी बलियो हुने हुन्छ ।

अध्यादेश जारी भइरहेको समयमा सत्ता राजनीतिक वृतमा अर्को खेल पनि भइरहेको थियो । राजनीतिक दल विभाजनसम्बन्धी कानुनमा परिवर्तन गर्ने मन:स्थितिमा प्रधानमन्त्री ओली रहेको समाचारमा आएका छन् । निर्वाचन कानुनमा परिवर्तन गरेर समानुपातिक निर्वाचनबाट दलहरूले संघीय र प्रदेश संसदा पाउने सिटमा नियन्त्रण गर्ने सोचमा काम भइरहेको छ । समानुपातिक निर्वाचनमा प्राप्त मतको निश्चित सीमा तोकेर सिट बाँडफाड गर्ने गरिएको छ जसलाई 'थ्रेस होल्ड' भनिन्छ । जसअनुसार संघमा ३ प्रतिशत र प्रदेशमा १.५ प्रतिशत मत ल्याउने दलले मात्र समानुपातिक सिट प्राप्त गर्ने विचमान कानुन छ ।

सो व्यवस्थामा परिवर्तन गरेर संघमा ५ र प्रदेशमा ३ प्रतिशतको सीमामा राख्ने गरी गृह मन्त्रालयले विधेयकको मस्यौदा कानुन मन्त्रालय पठाएको समाचार सार्वजनिक भएका छन् । कानुन मन्त्रालयमा पुगेको विधेयक यसै अधिवेशनमा पेस हुने हो वा राजनीतिक अवरोधको भयले त्यत्तिकै थन्किने हो ? ओलीको विवेक, कांग्रेसको रणनीति र प्रतिपक्षीहरूको दबाबबीच कसरी अगाडि बढ्ने हो । संसद्का ठूला दलहरू मिलेर सत्ता लिनु पछाडिको मनोविज्ञान साना दललाई किनाराकृत गर्ने उद्देश्य हो भन्ने आवाज पनि यतिबेला फराकिलो बन्दै गएको छ । विशेष गरेर ओली दुई दलीय राजनीतिक प्रणाली विकास गर्ने स्क्लिडबाट प्रभावित बनेका छन् । एमालेको शीर्ष तहमा यही रणनीतिले आकार लिएको देखिन्छ । यता दुई दलीय राजनीतिक प्रणालीको पक्षमा कांग्रेसमा भने सामान्य छलफलसमेत भएको सुनिएको छैन ।

थ्रेस होल्डको सीमा बढाउने र राजनीतिक दलसम्बन्धी ऐनमा ओलीका आँखा गाडिनुका पछाडि भने राष्ट्रिय सभाको समीकरण पनि एक हुनसक्छ । ओली नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी नेपालले थप विभाजन गर्ने मानसिकताबाट ग्रसित देखिन्छन् र त्यहीं प्रयोजनका लागि निर्वाचन कानुन तथा राजनीतिक दलसम्बन्धी कानुनलाई हतियार बनाउन उद्यत देखिन्छन् । उनको यो कलुषित चिन्तनलाई देउवाले कुन हदसम साथ समर्थन दिने हुन् त्यो समयमा देखिने नै छ । साना दललाई किनारा लगाउने सोच प्रत्युत्पादक बन्नसक्छ । विसं २०६३ को जनआन्दोलनपछि उठेको आदिवासी, जनजाति र मधेसवादी आन्दोलनको जगमा अहिलेको संविधान बनेको हो । पहिचानवादी राजनीतिक मागलाई संविधान निर्माणको समयमा सीमित बनाएपछि त्यसबेला उठेका आवाज केही कमजोर बनेका हुन् पूरै निस्तेज भइसकेका छैनन् । तिनको अवसान भइसकेका होइन ।

(साभारः बाह्रखरी)

दुई तिहाइको सरकारलाई अध्यादेशमा बहुमतकै सकस




काठमाडौं/संघीय संसद्को दुवै सदनमा बिहीबार अध्यादेशहरू निर्णयार्थ प्रस्तुत गर्ने कार्यसूची थियो । सत्तारुढ दलहरू राष्ट्रिय सभामा आवश्यक संख्या पुऱ्याउने प्रयासमा थिए । निर्णायक थिए, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव । सत्तापक्ष उनैलाई सहमतिमा ल्याउन केन्द्रित थियो । त्यसैक्रममा प्रतिनिधिसभाले दैनिक कार्यसूची फाइनल गऱ्यो, जहाँ सरकारले संसद् नरहेका बेला ल्याएका सबै अध्यादेश निर्णयार्थ पेस गर्ने उल्लेख थियो । तर, कांग्रेस सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री केपी शर्मा ओलीले बेलाबेलै भेटेर सघाउन आग्रह गरे पनि यादवले स्पष्ट जवाफ दिएनन् ।

प्रतिनिधिसभा बैठकको दैनिक कार्यसूची फाइनल भएको थाहा पाएलगत्तै प्रधानमन्त्री ओलीले कानून न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियालाई फोन गरे । बिहीबार अध्यादेश अगाडि नबढाउने तय भएको जानकारी गराए । नयाँ बानेश्वरस्थित संसद भवनमा आफ्नै कार्यकक्षमा रहेका कानुनमन्त्री चौरसिया तत्कालै सभामुख घिमिरेको कार्यकक्ष पुगे । 'प्रधानमन्त्रीले आज अध्यादेश अगाडि नबढाउने भन्नुभयो,' मन्त्री चौरसियाले सभामुख घिमिरेलाई सुनाए ।

त्यसपछि सभामुख घिमिरेले संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयसहितका अधिकारीहरूसँग छलफल गरे । फाइनल गरिसकेको दैनिक कार्यसूची सच्याउन नमिल्ने भएपछि सभामुख घिमिरेले बैठकको अन्तिममा अध्यादेश निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धी कार्यक्रम कार्यसूचीबाट हटाएको घोषणा गर्ने सहमति भयो । सहमति अनुसार बैठक सञ्चालन भयो र अन्त्यमा सभामुख घिमिरेले दैनिक कार्यसूचीको बुँदा नम्बर ५ देखि १६ सम्मका अध्यादेशसम्बन्धी कार्यक्रमलाई सूचीबाट हटाएको घोषणा गरे ।

राष्ट्रिय सभाको दैनिक कार्यसूचीमा भने अध्यादेश निर्णयार्थ प्रस्तुत गर्ने विषय पर्दै परेन । दैनिक कार्यसूची तय हुँदै गर्दा कानुनमन्त्री चौरसियाले कार्यव्यवस्था परामर्श समितिमा पुगेर अध्यादेश पेस गर्ने कार्यसूची नराख्न आग्रह गरेका थिए । नेकपा एकीकृत समाजवादीका नेता बेदुराम भुसालका अनुसार कानुनमन्त्री चौरसियाले 'सहमतिको पहल गर्न समय चाहियो, आजको कार्यसूचीमा अध्यादेश सम्बन्धी कार्यक्रम राखिदिन भएन' भनेका थिए ।

सरकारले आग्रह गरेपछि प्रतिनिधिसभा र राष्ट्रिय सभाको संसदीय क्यालेन्डर र दुवै सभाले सार्वजनिक गरेको सम्भावित कार्यसूचीमा परेर पनि बिहीबार अध्यादेश अगाडि बढेन । प्रतिनिधिसभाको दैनिक कार्यसूचीमा समावेश भइसकेर पनि रोकियो । प्रतिनिधिसभाको अर्को बैठक शुक्रबार बस्दैछ । शुक्रबार पनि अध्यादेश अगाडि बढाउने सरकारको तयारी छैन । '२७ गते मात्रै राष्ट्रिय सभाको बैठक भएकाले त्यतिञ्जेलसम्म अध्यादेशबारे आवश्यक गृहकार्य गरिन्छ,' एक मन्त्री भन्छन्, 'यसबीचमा जसपाले पनि आफ्नो पोजिसन क्लियर गरिसक्छ ।'

तर, जसपा नेपाल फेरि पनि हतारमा निर्णय गर्ने पक्षमा छैन । जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादव सदनमै आफ्नो मत प्रकट गर्नेमा आफूहरू रहेको बताउँछन् । 'अध्यादेशबारे हामीले आन्तरिक छलफल गरेका छौं । हामी हाउसमा मत दिन तयार छौं । मत दिनुभन्दा अगाडि किन निर्णय बाहिर दिने ? हाम्रो पोजिसन सदनमा न हो । त्यहीं आफ्नो निर्णय अनुसार मत दिन्छौं,' उनले संचारकर्मीसँग भने ।

उपाध्यक्ष यादवका अनुसार सदनको कार्यसूचीबारे कार्यव्यवस्था परामर्श समितिको बैठकमा छलफल चलिरहँदा जसपा नेपालको संसदीय दलको बैठक जारी थियो । 'बानेश्वरबाट सन्देश गयो- आज अध्यादेश अगाडि बढ्दैन । त्यसपछि अध्यक्षज्यू (उपेन्द्र यादव)ले भन्नुभयो- हामीले भन् समय पायौं । किन हतार गर्ने ? राम्रोसँग छलफल गरेर निर्णय गरौला ।'

सरकारले अध्यादेश सम्बन्धी कार्यसूची हटाएकाले आफूहरूले पनि संसदीय दलको बैठकबाट कुनै निर्णय नलिएको उनले बताए । 'कार्यसूचीमा राखेको भए निर्णय गरेर हाउसमा जान्थ्यौं,' उनको भनाइ छ । फेरि पनि कार्यसूचीमा राखिएपछि मात्रै निर्णय दिने हो भन्ने प्रश्नमा उपाध्यक्ष यादवले दोहोऱ्याए, 'मत दिने तय नहुँदै किन निर्णय गर्ने त ?' मन्त्रिपरिषद्को सिफारिसमा गत १४ पुसमा राष्ट्रपति रामचन्द्र पौडेले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८१ जारी गरेका थिए ।

२९ पुसमा थप चारवटा अध्यादेश जारी भयो । जसमा सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व (पहिलो संशोधन) अध्यादेश, निजीकरण (पहिलो संशोधन) अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश छन् । २ माघमा सरकारले भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन ल्याएको थियो । यी ६ वटै अध्यादेश दुवै सदनमा अधिवेशन सुरु भएकै दिन १८ माघमा प्रस्तुत भइसकेको छ ।

अध्यादेश अधिवेशन सुरु भएको पहिलो दिन पेस गर्नुपर्ने र दुवै सदनबाट अध्यादेश स्वीकृत गराएर ६० दिनभित्र प्रतिस्थापन विधेयक ल्याएर ऐनमा रुपान्तरण गरिसक्नुपर्ने संवैधानिक बाध्यता छ । अन्यथा, अध्यादेश निश्क्रिय हुन्छ ।

उधारो सहमति नगर्ने गुट

संघीय संसद्बाट अध्यादेशहरू स्वीकृत गराउने हतारो जति सरकारलाई छ, उत्ती हतारो सहितको दौडमा छन् जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव । उनले गत मंगलबार प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवासँग टेलिफोनमा संवाद गरेका थिए । बुधबार कांग्रेस सभापति देउवालाई भेट्न उनकै निवास बुढानीलकण्ठ पुगेका थिए । उपेन्द्र यादव बिहीबार पनि बिहानैदेखि भेटघाटको दौडमा रहे । बिहान साढे ८ नबज्दै कांग्रेस सभापति देउवासहितका नेताहरूलाई भेट्न नयाँ बानेश्वरस्थित संसद् भवनमा पुगे । त्यहाँ कांग्रेसको संसदीय दलको बैठक थियो ।

नयाँ बानेश्वरमा सभापति देउवाले कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्व प्रकाश शर्मा, गृहमन्त्री रमेश लेखकसमेतलाई राखेर उपेन्द्र र उनको पार्टीका उपाध्यक्ष राजकिशोरसँग छलफल गरे । पौने घण्टा कांग्रेस नेताहरूसँग बसेर उपेन्द्र प्रधानमन्त्री ओली भेट्न प्रधानमन्त्री निवास बालुवाटार पुगे । बालुवाटारमा पनि आधा घण्टा बढी समय बिताएर यादव सिंदरबार पर्किंए । सिंदरबारमा पार्टीका नेताहरूसँग अनौपचारिक संवाद गरे । सिंदर बारमै पार्टीको संसदीय दलको बैठक राखे । प्रतिनिधिसभाको बैठक दिउँसो १ बजे र राष्ट्रिय सभाको बैठक दिउँसो सवा १ बजे थियो । सदनको बैठक सुरु हुनेबेलासम्म जसपा नेपालको संसदीय दलको बैठक सकिएन । जसपा नेपालले निर्णय नदिएपछि सरकार पनि पछाडि हट्यो ।

नेताहरूका अनुसार प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवा सहितका नेताहरूले अध्यादेश स्वीकृत गराउने गरी सहयोग गर्न उपेन्द्र यादवसँग आग्रह गरेका थिए । 'उहाँ (प्रधानमन्त्री)ले अध्यादेश पास गरेर जाओं भन्नुभयो । मैले पार्टीभित्र छलफल गर्छु भनें,' प्रधानमन्त्री ओलीसँगको भेटबारे उपेन्द्र यादवले संचारकर्मीसँग भने । कांग्रेस सभापति देउवाले अध्यादेशमा रहेका असहमति प्रतिस्थापन विधेयकमा सच्याउन सकिने भएकाले अध्यादेश स्वीकृत गराउने प्रक्रियामा सहयोग गर्न आग्रह गरेका थिए ।

'अध्यादेश अगाडि बढाऔं, विषयवस्तुमा भएका फरक मतलाई सम्बोधन गरौंला भन्ने उहाँ (शेरबहादुर देउवा)को आग्रह थियो । हामीले छलफल गर्छौं भनेका छौं,' कांग्रेस नेताहरूको भेटबारे राजकिशोर यादवले संचारकर्मीसँग भने । नेताहरूका अनुसार अध्यादेशबारे आफूहरूको मत बुझाउनुपर्ने अडान उपेन्द्र यादवको छ । यसका लागि उपेन्द्रले राजकिशोरको नेतृत्वमा कार्यदल नै बनाएर अध्यादेशको विषयवस्तुबारे अध्ययन गरे ।

राजकिशोर नेतृत्वको कार्यदलले मंगलबार र बुधबार गरेर दश जना विज्ञसँग छलफल गरेको थियो । कार्यदलको सुझावका आधारमा बिहीबार संसदीय दलको बैठकबाट निर्णय लिने भनिएको थियो । बिहीबार नै अध्यादेश अगाडि बढेको भए केही अध्यादेश स्वीकृत गराउन र केही अध्यादेश अस्वीकृत गराउन भूमिका खेल्ने जसपा नेपालको तयारी थियो । तर, सबै अध्यादेश स्वीकृत गराउन जसपा नेपालले भूमिका खेलिदियोस् भन्ने सरकारको चाहना थियो ।

'सरकारको चाहना पूरा हुनका लागि हामीले राखेका विषय पनि सम्बोधन हुनुपर्छ भन्ने न्युनतम कुरा जो कोहीले बुझ्छ, भनिराख्ने कुरै होइन,' जसपा नेपालका एक नेताले भने । उनका अनुसार जसपा नेपालका नेता/कार्यकर्तालै विगतदेखि नै खेप्दै आएका मुद्दा फिर्ता, 'पावर सेयरिङ'मा सम्मानजनक सहभागिता प्रमुख शर्त छन् । 'मुद्दा फिर्ता गरिन्छ भन्ने आश्वासन सबैले दिँदै आएका छन्, फेरि पनि दिइरहेका छन् । सरकारमा सहभागी हुने आश पनि देखाउँछन् । तर, काम फत्ते गरेपछि सहमति बिर्सने रोगले यसपटक हामीलाई पनि सोच्न बाध्य बनाएको छ' तौ नेता भन्छन्, 'अब उधारो सहमति हुँदैन ।'

प्रतिनिधिसभामा सत्ता पक्षलाई जसपा नेपालको साथ नमिले पनि फरक पर्दैन । किनभने, २७५ सदस्यीय सभामा सरकारमा रहेका दलसँग १८८ सांसद छन् । अर्थात्, सहजै अध्यादेश पारित हुने अवस्था छ । तर, राष्ट्रिय सभामा स्थिति फरक छ । ५९ सदस्यीय राष्ट्रिय सभामा कांग्रेस (१६), नेकपा एमाले (१०) र लोकतान्त्रिक समाजवादी पार्टी (१) गरेर सत्तापक्षतर्फ २७ जना सांसद छन् । मनोनीत सांसद डा. अन्जान शाक्य नेकपा एमाले समर्थित हुन् । उनलाई जोड्दा सत्तापक्षको सांसद संख्या २८ पुग्छ । अर्का मनोनीत सांसद बामदेव गौतमले पनि अध्यादेश स्वीकृतिका लागि मत दिँदा २९ पुग्छ ।

तर, गौतमले पनि जसपा नेपालले जस्तै सभामै मत प्रकट गर्ने बताउँदै आएका छन् । आफ्नो गोप्य मतदानको अधिकार गोप्य रूपमै प्रयोग गर्ने उनको जवाफ छ । राष्ट्रिय सभामा विपक्षमा रहेका दलहरूसँग २८ सांसद् छन् । अर्थात्, माओवादी केन्द्रसँग १७, नेकपा एकीकृत समाजवादीसँग ८ र राष्ट्रिय जनमोर्चासँग १ सिट छ । यस्तो संसदीय अंकगणितका कारण राष्ट्रिय सभामा जसपा नेपालको तीन मत निर्णायक भएको हो ।

(स्रोत: अनलाइनखबर)

'द्रोपदी'को 'कर्णाली काटौंला' गीतमा ऋषिराज र आश्विनीको प्रेमभाव

काठमाडौं/ऋषिराज आचार्यको निर्देशनमा तयार भएको फिल्म 'द्रोपदी'को पहिलो गीत 'कर्णाली काटौंला' सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गीतमा फिल्मका मुख्य अभिनेता रवि ओडको स्वर छ भने उनलाई इन्द्रकला राईले साथ दिएकी छन् । निर्देशक आचार्य स्वयंको शब्द रचना रहेको गीतमा गायक ओडको संगीत छ । गीत रोमान्टिक भावको छ ।

विष्णु ठहराईको कोरियोग्राफीमा बनेको गीतको भिडियोमा फिल्मका मुख्य दुई जोडी ऋषिराज आचार्य र आश्विनी शाही तथा र वि ओड र सुजता तिमल्सिनाबीचको प्रेमलाई देखाइएको छ । डोल्पाको जनजीविका र भौगोलिक विकटतालाई समेत चित्रण गरिएको गीतमा डोल्पामै अवस्थित शे-फोक्सुन्डो तालको दृश्य पनि समावेश छ ।

आगामी चैत ८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा कविराज भाम, जेएलसन अधिकारी, विष्णु ठहराई, प्रकाश ज्ञवाली, सीता भाँडेल, सुरज अधिकारी लगायतको पनि अभिनय छ । मोहनकुमार फिल्लुको छायांकन रहेको फिल्ममा निर्देशक आचार्य र प्रकाश ज्ञवाली निर्माता तथा विष्णु ठहराई सह-निर्माताका छन् । लेखन ऋषिराज स्वयंको हो ।

फिल्मको नाम 'महाभारत'को द्रौपदी पात्रसँग मिल्ने भएपनि कथा त्यसमा आधारित नरहेको निर्देशक आचार्यको भनाइ छ । उनका अनुसार फिल्ममा देशको यथार्थपरक कथा उठाइएको छ । 'द्रोपदी' उनको छैठौं निर्देशित फिल्म हो । यसअघि 'सपना तिम्रो मेरो', 'ड्रिम गर्ल', 'मिस्टेक', 'सुन्तलीलाई भगाइ लग्यो फिल्केले' र 'चुरीफुरी'को निर्देशन गरिसकेका उनी सेन्सर बोर्डका सदस्य पनि हुन् ।

'फेरि रेशम फिलिली' टिजरमा अमेरिका मोहको कथा

काठमाडौं/शिवरात्रिको अवसर पारेर आगामी फागुन १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'फेरि रेशम फिलिली'को टिजर सार्वजनिक गरिएको छ । ज्योतिषबाट साइत जुराएर बिहीबार साँझ ५:४५ बजे सार्वजनिक १ मिनेट ४१ सेकेण्ड लामो टिजरले अमेरिका जान मरिहत्ते गर्ने पात्रहरूको कथा पेस गर्छ । रेशम पात्रको अमेरिकाको भिसा लागेपछिको परिस्थितिलाई टिजरले चित्रण गरेको छ ।

अमेरिकी सपना पालेर बसेको रेशम पात्रको डिभी पर्छ । त्यसपछि उसलाई अमेरिका जानबाट रोक्न केही पात्रहरू लागिपर्छन् । यस्तैमा कुनै पनि हालतमा अमेरिका जाने अड्डी कसेर बसेकी एक युवतीले आफ्नो सपना पूरा गर्न रेशम र उनको आमालाई नै किडन्याप गरेको देखिन्छ । फिल्मले नेपालीहरुको अमेरिका मोहको कथा भन्ने टिजरबाट प्रष्ट हुन्छ ।

निरोज महर्जनको कथा तथा निर्देशन रहेको फिल्ममा रेशम पात्रको भूमिकामा अभिनेता विनय श्रेष्ठले अभिनय गरेका छन् । यसमा उनीसहित सुपुष्पा भट्ट, नीर शाह, कामेश्वर चौरसिया, प्रकाश घिमिरे, शिशिर वाइदेल, र विन्द्र झा, लक्ष्मी गिरी, महेश त्रिपाठी, एवनराज उप्रेती, मेक्सम गौडेल, प्रकाश घिमिरे, सजन थापा लगायतको अभिनय रहेको छ ।

फिल्ममा सुसन प्रजापतीको छायांकन, आकाश बरालको स्क्रिप्ट लेखन, साहिल खानको ट्रेलर, नरेश किइ योगीको द्वन्द्व निर्देशन, रोहित शाक्यको ब्याकग्राउन्ड म्यूजिक, शैलेश श्रेष्ठको साउन्ड डिजाइन तथा सुरेन्द्र पौडेलको सम्पादन छ । 'दिमाग खराब'का निर्माता रौनक विक्रम कँडेलको निर्माण रहेको फिल्मको कार्यकारी निर्मातामा सुरज बम ठकुरी र सह-निर्मातामा एनि थापा छन् ।

'लाज शरणम्'को 'हेर्दा हेर्दैमा' गीतमा मालाप्रति आकर्षित सितारम

काठमाडौं/चर्चित हास्य टेलिसिरियल 'सक्किगोनि' समूहले निर्माण गरेको पहिलो फिल्म 'लाज शरणम्'को पहिलो गीतको रुपमा बिहीबार 'हेर्दा हेर्दैमा' सार्वजनिक गरिएको छ । लोकलयको यो गीत निर्माण टिमले फिल्म प्रचारका लागि मात्र तयार पारेको हो । आशिष अविरल र शान्तिश्री परियारको युगल गायन रहेको गीतमा आनन्द अधिकारीको शब्द रचना छ भने कृष्ण भारद्वाजले संगीत दिएका छन् ।

गम्भीर विष्टको नृत्य निर्देशनमा बनेको गीतको भिडियोमा अभिनेत्री माला लिम्बू नृत्य गर्दै प्रस्तुत छिन् । हाटबजारको सेटअपमा खिचिएको भिडियोमा मालाप्रति पुरुष पात्रहरुको आकर्षणलाई देखाइएको छ । मालासहित फिल्मका मुख्य कलाकारहरु सितारामा कट्टेल, अर्जुन घिमिरे, अर्पण थापा, विजय बराल, सागर लम्साल, हरिण निरौला लगायत गीतमा प्रस्तुत छन् ।

आगामी फागुन १४ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्मलाई कुमार कट्टेलले निर्देशन गरेका हुन् । यो उनको पहिलो निर्देशकीय फिल्म हो । उनले 'सक्किगोनि' सिरियलको भने निर्देशन गर्दै आइरहेका छन् । यसमा कुमार स्वयंको कथा छ भने पटकथा लेखनमा उनलाई 'काकु'को रुपमा परिचित दीपक आचार्यले सघाएका छन् ।

यो फिल्ममा प्रियाना आचार्य, महेश त्रिपाठी, रेणु योगी, कमलमणि नेपाल, सृजना अधिकारी लगायतको पनि अभिनय छ । यसमा नवीन श्रेष्ठ निर्माता तथा राम नरेश शाह र सृजना खड्का सह-निर्मातामा रहेका छन् । त्यस्तै, कार्यकारी निर्माता अर्जुन घिमिरे 'पाँडे' हुन् । अर्जुनलाई गीतमा 'सक्किगोनि'को पात्र 'पाँडे'को गेटअपमा देख्न सकिन्छ । त्यसो त फिल्ममा पनि उनी त्यही गेटअपमा छन् ।

ग्यास सिलिन्डरको म्याद गुज्रिने मिति कसरी चिन्ने ?

काठमाडौं/खाना पकाउने ग्यासको सिलिन्डर विस्फोट खतरनाक हुन्छ । सिलिन्डरबाट ग्यास लिक भएर आगलागी हुने र कहिलेकाहीं विस्फोट नै भएर जनधनको क्षति भएका घटनाहरु बेलाबेला सार्वजनिक भइरहन्छन् ।

बिहीबार बिहान मात्रै काठमाडौंको कमलपोखरीस्थित सानदार मोमो पसलको भान्छा कोठामा ग्यास सिलिन्डर पड्किँदा १४ जना घाइते भए । तीन जनालाई उपचार गर्न अस्पताल लैजानुनपर्ने खालको सामान्य घाइते भए पनि ११ जनालाई अस्पताल नै लग्नुपरेको छ ।

त्यसैले ग्यास सिलिन्डर सुविधाको दृष्टिले सजिलो भए पनि प्रयोगमा असावधानी अपनाउँदा यो खतरनाक पनि हुने गरेको छ । त्यसैले यसबाट हुने क्षतिको हिसाबलाई हेरेर कतिपयले ग्यास सिलिण्डरलाई 'भान्छाको बम' को संज्ञा पनि दिने गरेका छन् ।

एकातिर असुरक्षित ग्यास सिलिन्डरबाट उपभोक्ता सचेत हुन सकेका छैनन् भने जोखिमयुक्त ग्यास सिलिन्डर बजारमा पुग्नबाट नियन्त्रण गर्न पनि सरकारले सकिरहेको छैन । त्यसैले उपभोक्ता आफैं पनि ग्यास सिलिन्डरको जोखिम बुझ्न र घातक बिष्फोटबाट बच्न आफैं सजग हुनु आवश्यक देखिएको छ । उपभोक्ताले ग्यास सिलिन्डर खरिद दर्ता त्यसको प्रयोग गर्न मिल्ने म्याद (एक्स्पायर्ड डेट) पनि ख्याल गर्नुपर्ने हुन्छ ।

कसरी हेर्ने सिलिन्डरको म्याद गुज्रिने मिति ?

सिलिन्डरको घाँटीनेर केही सांकेतिक अक्षर हुन्छन् । त्यसलाई हेरेर उपभोक्ताले ग्यास सिलिन्डरको म्याद पत्ता लगाउन सक्छन् । जस्तै सिलिन्डरको घाँटीमा हुने ह्वायांगरमा ए, बी, सी, डीसँगै १४, १५, १६, १७, १८, १९, २० लगायतका अंक लेखिएका हुन्छन् । ती अंकले वर्षलाई बुझाउँछ । ग्यास कम्पनीले १२ वटा महिनालाई समेटेर ३/३ महिनामा भाग गरी ४ भागमा छुट्याएका हुन्छन् ।

'ए' लेखिएको अंकले वर्षको पहिलो ३ महिना जनवरी, फेब्रुअरी र मार्चलाई जनाउँछ । 'बी'ले अप्रिल, मे र जुन महिनालाई जनाउँछ भने 'सी'ले जुलाई, अगष्ट र सेप्टेम्बरलाई संकेत गर्छ । यस्तै 'डी' ले अक्टोबर नोभेम्बर र डिसेम्बरलाई संकेत गर्छ । यस्तै ए, बी, सी, डीसँगै हुने अंकले भने वर्षलाई जनाउँछ । माथिको तस्वीरको सिलिन्डरमा ए-२३ लेखिएको छ । त्यो सिलिन्डरको म्याद सन् २०२३ को मार्च महिनामा एक्सपायर हुन्छ भन्ने बुझ्नुपर्दछ ।

यस्तै एक्सपायर्ड डेट बाँकी रहे पनि सिलिन्डरका कुनैपनि भाग कुचिएको र फुटेको देखे त्यो पनि प्रयोग गर्न अयोग्य हो भन्ने उपभोक्ताले बुझ्नुपर्छ । स्मरणीय के छ भने अन्तर्राष्ट्रिय मान्यताअनुरुप सिलिन्डर पहिलोपटक बनेको मिति (म्यानुफ्याक्चर्ड डेट) बाट २० वर्षसम्म मात्र प्रयोग गर्न योग्य हुन्छ ।

उद्योगले सिलिन्डरमा पहिलोपटक बनेको मितिले १० वर्षसम्मको डेट राख्न पाउँछन् । त्यसपछि ५/५ वर्षमा हाइड्रोलिक टेष्ट गरेर त्यसको गुज्रने मिति परिवर्तन गर्नुपर्ने कानुनी व्यवस्था छ । यसैका कारण नेपाली बजार मा २० वर्षभन्दा लामो आयु काटेका लाखौं सिलिन्डर छन् ।

नेपालका धेरै ग्यास उद्योगले २० वर्षभन्दा पुराना सिलिन्डर त प्रयोग गरिरहेकै छन् नै, ५/५ वर्षमा गर्नुपर्ने हाइड्रोलिक टेष्ट पनि नगरेका हुनसक्ने अनुमान छ ।

(स्रोत: अनलाइनखबर)

निकुञ्ज सुरक्षाकर्मीकै गोली लागेर चितवनमा हात्तीको मृत्यु

काठमाडौं/चितवनको सौराहा क्षेत्रमा देखिरहने मकुना नामक जंगली हात्तीको गोली लागेर मृत्यु भएको छ । जंगली हात्ती मकुनाको निकुञ्ज सुरक्षाकर्मीकै गोली लागेर मृत्यु भएको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ ।

बस्ती छिरेर तर्साउने हात्तीलाई तर्साउन चलाइएको गोली लागेर मकुनाको मृत्यु भएको निकुञ्जको जिकिर छ ।

उक्त हात्ती असोज महिनादेखि सौराहा आसपासमा पसेर स्थानीयलाई त्रसित बनाउँदै आएको निकुञ्जले विज्ञप्तिमार्फत दाबी गरेको छ । स्थानीय सरोकार वालासँग विभिन्न चरणमा उक्त जंगली हात्तीबाट जनधनको क्षति हुनबाट रोक्न विभिन्न उपाय अपनाएको पनि निकुञ्जले जनाएको छ ।

बुधबार हात्ती स्वीप गस्ती टोलीले स्वीपिङ गस्ती गर्दै जाने क्रममा कुमरोज मध्यवर्ती सामुदायिक वनको लामिताल इलाकामा मकुना अकस्मात् फेला परेको थियो । घरपालुवा हात्ती (चुरेगज) लाई आक्रमण गर्न आएकोले अन्य विकल्प नभएको अवस्थामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २९ मा भएको व्यवस्था बमोजिम आत्म सुरक्षाको लागि २ राउन्ड वार्निङ हवाई फायर गरिएको निकुञ्जले जनाएको छ ।

'हवाई फायर गर्दा पनि नभागी हात्तीलाई आक्रमण गर्न आउँदा सानो हात्ती खगेन्द्रप्रसादमा सवार रेञ्जर श्याम तामाङ हात्तीबाट खसेकोले ज्यानको सुरक्षा गर्न अत्यन्तै कठिनाइ भएको कारण ३ राउन्ड फायर गर्दा केही पर भागी पुनः फर्किएर आक्रमण गर्न आएकोमा थप १ राउन्ड फायर गर्दा मुकुना अन्यत्र भागेको', विज्ञप्तिमा भनिएको छ, 'पछि खोज्दै जाने क्रममा करिब १ किमी टाढा ढलेको अवस्थामा साढे १ बजे फेला परेको ।'

पोस्टमार्टमका क्रममा हात्तीको दाहिनेपट्टी घाँटीमा एउटा गोली लागेको कारण मृत्यु भएको पुष्टि भएको पनि निकुञ्जले जनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई हुकक हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडाको फोहोर संकलन र व्यवस्थापन कार्य स्थगन

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/हेटौंडा उपमहानगरपालिकाले नगरक्षेत्रबाट फोहोर संकलन गर्दै राप्ती किनार मा लगेर फोहोरको व्यवस्थापन गर्ने कार्य हाललाई स्थगन गरेको छ ।

उच्चअदालत पाटन हेटौंडा इजलासले हेटौंडा-१० राप्तीतटमा बनाइएको डम्पिङ साइटमा फोहोर नफाल्न र फोहोर फाल्न नलगाउन हेटौंडा उपमहानगरको नाममा अल्पकालीन अन्तरिम आदेश जारी भएपछि संकलन र व्यवस्थापन कार्यमा रोक लागेको हो । योगेन्द्रप्रसाद उपाध्यायले हेटौंडा उपमहानगरपालिकालाई विपक्षी बनाएर दायर गरेको निषेधाज्ञा मुद्दामा न्यायाधीश डा. निर्मला पौडेल भट्टराईको एकल इजलासले २२ माघमा राप्तीतटमा फोहोर फाल्न रोक लगाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

'हेटौंडा-१० स्थित गोरक्षश्वर मन्दिर भन्दा दक्षिणतर्फ राप्तीखोलाको तटमा फोहोर नफाल्नु, फोहोर फाल्न नलगाउनु भनी अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ' आदेशमा भनिएको छ । दुवै पक्षलाई २९ माघमा छलफलका लागि बोलाइएको छ ।

हेटौंडामा विगत लामो समयदेखि निजी संस्था ग्रिन एण्ड क्लीन सिटि सभिर्सेज प्रालिमार्फत फोहोरको नियमित संकलन तथा हेटौंडा-१० राप्तीतटमा डम्पिङ साइट बनाएर फोहोरको व्यवस्थापन हुँदै आएको थियो ।

केही दिन अगाडि डम्पिङ साइटमा आगलागी भएर प्रदुषणले हेटौंडा-१० र ११ नम्बर वडाबासी प्रभावित बनेपछि विषय अदालतसम्म पुगेको हो । स्थानीयले डम्पिङ साइटमा पटक-पटक आगलागी गराएर नागरिकको स्वास्थ्य संवेदनशीलतामा ध्यान नदिएको गुनासो गर्दै आएका छन् । चितवनको भरतपुर महानगर, रत्ननगर नगरपालिका र हेटौंडा उपमहानगरपालिकाको संयुक्त डम्पिङ साइट निर्माण गर्ने विषयमा पनि अध्ययन भएको थियो । तर, यो अध्ययनको फाइल सार्वजनिक हुन सकेको छैन ।

अबैध काठसहित दुईवटा ट्रक नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ मकवानपुरको भीमफेदि गाउँपालिका-२ भैँसेस्थित त्रिभुवन राजपथ सडकखण्डमा ठुलो परिमाणको अवैध काठसहित दुईवटा ट्रकसँगै दुई चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बुधवार दिउँसोको समयमा थाहा नगरपालिका डाडाँवासबाट हेटौंडातर्फ जाँदै गरेको बा.प्र.०३ ख ९००१ ख ०३१५ र ना ८ ख २४९३ नम्बरको ट्रकलाई शंका लागी चेकजाँच गर्ने क्रममा अवैधरुपमा ल्याइएको काठसहित दुवै ट्रकलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्याम् अर्यालले बताए । काठ बोकेको ट्रकसँगै चालक हेटौंडा-१२ बस्ने वर्ष ४७ को टीकाबहादुर भेटवाल र हेटौंडा-१३ बस्ने वर्ष ४१ को बिन्दलाल थोकरलाई पक्राउ गरेको अर्यालले बताए ।

कागजपत्र नभेटिएको अवस्थामा फेलापारेको काठसहितको दुवै ट्रक र चालकलाई थप अनुसन्धान तथा आवश्यक कार्वाहिको लागि डिभिजन वन कार्यालय राप्ती मनहरी मकवानपुरमा पठाइएको अर्यालले बताए । उतिस प्रजातिको गोलिया बोकेको ट्रकसँगै दुईजना चालकलाई समेत नियन्त्रणमा लिएको डिभिजन वन कार्यालय मनहरीका निमित्त प्रमुख सुरेशप्रसाद गुप्ताले बताए ।

काठको नापजाँच गर्न बाँकी रहेको र पक्राउ परेकाहरुलाई पाँच दिनको म्याद थप गरी आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाइएको गुप्ताले बताए । ट्रकमा रहेको गोलिया काठ अनलोड गरेर नापजाँच गर्ने कार्य भइरहेको उनले बताएका छन् ।

देखिने काम गर्न मन्त्री महर्जनको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले मन्त्रालय र मातहतका निकायलाई आसपी समन्वय बढाउँदै जनमुखी र परिणाममुखी काम गर्न निर्देशन दिएका छन् ।

मन्त्रालय मातहतका परिषद्हरुको आर्थिक वर्ष २०८१/८२ को योजना तथा कार्यक्रमको समीक्षा बैठकलाई सम्बोधन गर्दै उनले एकजुट भएर काम गर्दा उत्कृष्ट नतिजा निकाल्न र समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिने भन्दै आसपी समन्वय बढाउनुपर्नेमा जोड दिए । उनले जनताले सेवाको गुणस्तर अनुभूति गर्नका लागि सेवाप्रक्रिया र वितरणमा सुधार ल्याउँदै कागजी कारबाहीलाई सरल एवम् पारदर्शी बनाउनुपर्ने बताए ।

उनले कर्मचारीको कार्य प्रदर्शनको मूल्यांकन गरी उचित प्रोत्साहन दिइने बताए । उनले प्रदेश खेलकुद विकास परिषद् र युवा परिषद्ले सञ्चालन गर्दै आइरहेको आयोजनालाई पूर्णता दिन पहल गर्ने प्रतिबद्धता जनाउँदै कार्यालय प्रमुखहरूलाई उच्चमनोबलसहित काम गर्न निर्देशन दिए । देखिने, सुनिने र नागरिकले अनुभूत गर्ने गरी उत्प्रेरित भएर काम गर्न तथा आगामी दिनमा मन्त्रालयको वार्षिक कार्ययोजना बमोजिम नतिजा हासिल गर्नेतर्फ अग्रसर हुन उनले निर्देशन दिएका छन् ।

मन्त्री महर्जनले प्रभावकारी रुपमा कार्यसम्पादन गर्न तथा उपयुक्त ढंगका योजनाहरु तयार गर्नसमेत निर्देशन दिए । उनलेआफ्नो कार्यकालमा युवा तथा खेलकुद क्षेत्रको समग्र विकास, विस्तार र प्रवर्द्धन गर्दै युवा र खेलाडीको भावना अनुसार उल्लेखनीय काम हुने भन्दै त्यसमा सहयोग गर्न सबैलाई आग्रहसमेत गरे । बैठकमा मन्त्रालयका सचिव केशवराज सुवेदी र परिषद्का सदस्यसचिव दीपक लामा र खेलविज्ञ दीपक श्रेष्ठले मन्त्रालय र परिषद्हरुको प्रगतिका साथै आयोजनाको वित्तीय एवम् भौतिक प्रगतिको अवस्था, कार्यान्वयनमा आइपरेका समस्या तथा चुनौती र समाधानका लागि गरिएका प्रयासबारे चासो व्यक्त गरेका थिए ।

बैठकमा प्रदेश युवा परिषद्का कार्यालयप्रमुख रमेश घिमिरे, प्रदेश खेलकुद विकास परिषद्का कार्यालयप्रमुख बद्रीबहादुर पाठक र मन्त्रालयका प्रवक्ता सूर्यबहादुर दाहालले आर्थिक वर्ष २०८१/८२ पुष मसान्तसम्म भएका काम कारबाही, बजेटखर्चको अवस्था, सञ्चालन भइरहेका आयोजना तथा समग्र गतिविधिको विषयमा जानकारी गराएका थिए ।

अस्ट्रेलिया लागिन् भलिबल खेलाडी सरस्वती

काठमाडौं, २४ माघ/ नेपाली राष्ट्रिय भलिबल टोलीकी मुख्य स्पाइकर सरस्वती चौधरी अस्ट्रेलिया तर्फ लागेकी छन् । उनले एपीएफ क्लबबाट राजीनामा बुझाएर अस्ट्रेलिया गएको क्लबका व्यवस्थापक विजय केसीले जानकारी दिए ।

'पहिले चाहिँ बिदामा गएकी थिइन्, त्यहाँ गएर खेल पनि खेलिन्, अहिले चाहिँ अब सायद उनको भिसा लम्ब्याउने गरी फर्दर स्टेको प्रोसेसहरू मिलेको होला त्यसैले राजीनामा नै बुझाएर त्यता गएकी हुन्' केसीले संचारकर्मीसँग भने ।

केसीका अनुसार सरस्वती थप अध्ययनको सिलसिलामा अस्ट्रेलिया गएकी हुन् । उनी समय मिलेको अवस्थामा नेपाल आउँदा एपीएफलाई नै पहिलो प्राथमिकतामा राख्ने र क्लबले चाहेमा खेल्न पनि तयार हुने बताएकी छन् । 'राष्ट्रिय टिमबाट उनले सन्यास लिएकी छैनन्, उता गएर पढ्ने र खेललाई पनि निरन्तरता दिने कुरा गरिन्' केसीले भने, 'नेशनल टिमले बोलायो भने म खेल्छु, मिल्यो भने एपीएफबाटै खेल्नु पहिलो प्राथमिकतामा राख्ने उनको धारणा थियो ।'

सरस्वतीले अघिल्लो साता सम्पन्न टाइगर कप भलिबलमा एपीएफबाट खेलेकी थिइन् । त्यसअघि उनी अस्ट्रेलिया भ्रमणबाट फर्केकी थिइन् । एपीएफ क्लबका सदस्यहरूले एक कार्यक्रमको आयोजना गरी बिहीबार सरस्वतीको बिदाई गरेका थिए । उनीहरूले सरस्वतीको जर्सीमा अटोग्राफसहित उनलाई फोटो फ्रेम उपहार पनि दिएका थिए ।

युक्रेन जेलमा रहेका दुई नेपालीको उद्धार

काठमाडौं, २४ माघ/नौ महिनादेखि युक्रेनको जेलमा रहेका दुई नेपाली नागरिकको उद्धार भएको छ । जर्मनीको बर्लिनस्थित नेपाली दूतावासले उद्धार गरी ती दुई नागरिकलाई स्वदेश पठाएको हो । बर्लिनस्थित नेपाली राजदूतावासले जारी गरेको सूचनाअनुसार दुवैजना अध्यागमन कानुन उल्लंघनको अभियोगमा २०२४ मे महिनादेखि युक्रेनको कारागारमा थिए ।

नेपाली राजदूतावासको अथक र निरन्तर प्रयासमा युक्रेनको परराष्ट्र मन्त्रालय, युक्रेनको राजधानी किभस्थित इन्टरनेशनल अर्गनाइजेशन फर माइग्रेसन (आईओएम) बोर्डर सेक्युरिटी गार्डस्, किभस्थित मोल्भोडाको राजदूतावास र युक्रेनका लागि श्रीलंकाका अवैतनिक वाणिज्यदूत लगायको सहयोग लिएर उनीहरूको उद्धार गरिएको सूचनामा उल्लेख छ ।

दूतावासले बारम्बार सचेत गराउँदा पनि मानव तस्करहरूको प्रलोभनमा परेर अझै पनि छिटपुट रूपमा नेपाली नागरिक युक्रेन आइरहेको भन्दै विषम परिस्थितिमा रहेको कारण युक्रेनमा कुनै पनि प्रयोजनाको लागि वा कुनै प्रकारको प्रलोभनमा परेर नआउन नेपाली नागरिकहरूलाई पुन: सचेत गराएको छ ।

सूचनामा सन् २०२३ को जनवरी तेस्रो सातादेखि युक्रेनसँगको सिमाना जोडिएका मुलुकहरूले युक्रेनमा रहेका नेपाल लगायतका मुलुकहरूबाट आफ्नो देशमा प्रवेश गर्न खोज्ने विदेशीहरूलाई भिसा जारी नगर्ने निर्णय गरेको समेत नेपाली राजदूतावासले पुन:स्मरण गराएको छ ।

उसले कुनै पनि तरिकाबाट युक्रेन प्रवेश गरी विपद्मा परेको अवस्थामा उद्धार गर्न अत्यन्त कठीन हुने भन्दै यो वा त्यो बहानामा युक्रेन प्रवेश नगर्न सबै नेपाली नागरिकलाई अनुरोध पनि गरेको छ ।

बागमतीमा एम्बुलेन्सको भाडादर निर्धारण

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ बागमती प्रदेशमा एम्बुलेन्सको भाडादर निर्धारण गरिएको छ । प्रदेशको स्वास्थ्य मन्त्रालयले राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ अनुसार भाडादर निर्धारण गरेको हो ।

यही माघ ८ गतेको मन्त्रिस्तरीय निर्णयले विभिन्न मापदण्डलाई आधार मानेर भाडादर निर्धारण गरिएको हो । मन्त्रालयले १३ वटै जिल्लाका एम्बुलेन्स व्यवस्थापन समितिलाई हालै पत्राचार गर्दै यसबारेमा जानकारी गराइसकेको जनाएको छ ।

एम्बुलेन्स सेवामा 'भूगोल फ्ल्याग' दूरी एकदेखि पाँच किलोमिटरसम्म मानेर त्यसको भाडादर ३०० देखि ५०० सम्म राखी जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले लागू गर्ने र गराउने पत्रमा उल्लेख गरिएको छ । तराई र पहाडी स्थानका पिच, ग्राभेल र कच्ची सडकमा दररेट कायम गरिएको चिकित्सा सेवा महाशाखा प्रमुख डा.खगेश्वर गेलालद्वारा जारी पत्रमा उल्लेख गरिएको छ ।

Government of Nepal
Ministry of Home Affairs'
Nepalpolice

Bagmati Province Police Office

Hetauda, Makwanpur

Invitation for Online-Bids

Date of First Publication:-7th Feb. 2025 (2081/10/25 BS)

Government of Nepal Ministry of Home Affairs' **Bagmati Province Police Office, Hetauda, Makwanpur** invites online-bids for the following works from registered, eligible and interested firms. For more detail bidders may visit and download bidding documents from e-GP system http://www.bolpatra.gov.np/egp

S.N.	IFB No:	Description of Works	Estimate Amount Nrs. (Excluding Vat, PS Items and Contingencies.)
1	NCB/BPPO/ 01/2081/082	Renovation Work of Existing Office Building for Senior Officer Quarter at Bagmati Province Police Office, Hetauda	21,17,722.13

माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

हेटौंडाबाट छुट्ने समय
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

सिन्धुलीबाट छुट्ने समय
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

चकमकेबाट छुट्ने
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

नोट :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।

"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

हेटौंडा उपमहानगरपालिका
८ नं. वडा कार्यालय
कमाने, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

आदरणीय सवै वडावासीहरूमा जानकारीको लागि अनुरोध !

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

बागमती प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय, मकवानपुर
हेटौंडा, नेपाल

एच.पी. भी. खोप सम्बन्धि जनहितमा जारी संदेश !

नेपालमा हरेक दिन चार जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर बाट मृत्यु हुन्छ भन्ने तथ्यांक छ महिलाहरुमा विभिन्न क्यान्सर मध्ये पाठेघरको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो तर किशोरावस्थामै पाठेघरको मुखको क्यान्सर बिरुद्दको खोप लगाई यो रोगबाट बचाउन सकिन्छ त्येसैले नेपाल सरकारद्वारा यहि मिति २०८१ माघ २२ गते देखि फाल्गुन ०६ गते सम्म एच.पी.भी. खोप संचालन हुँदैछ । मकवानपुर जिल्ला स्थिति १० वटै स्थानीय तह अन्तर्गत बिद्यालय लक्षित खोप केन्द्र बाट २०८१ माघ २२ गते बाट माघ २८ गतेसम्म एच.पी.भी. खोप संचालन हुदैछ । यस एच.पी.भी. खोप अभियानमा कक्षा ६ देखि कक्षा १० सम्म अध्यन गर्ने छात्राहरु र विद्यालय नजाने १० बर्ष देखि १४ बर्ष सम्मका किशोरीहरुलाइ एच.पी. भी. खोप लागाइदै छ । त्यसैले आृनो नजिकैको बिद्यालय वा तपाइको नानि अध्यन गर्ने बिद्यालयमा यो खोप कहिले संचालन हुदैछ जानकारी लिनुहोस् र आफ्नो नानीले यो खोप लिए/नलिएको सुनिस्चित हुनुहोस याद गर्नुहोस माघ २२ गते बाट माघ २८ गते सम्म एच.पी.भी. खोप लागाइदै छ । अभियानको अन्तिम दिन तपाइको नजिकको स्वास्थ्य संस्था बाट समेत यो खोप संचालन हुदैछ । यो खोप महिनाबारीको समयमा समेत लगाउन सकिन्छ अर्थात यस खोपले महिनावारीमा कुनै असर गर्दैन । एच.पी.भी. खोप अभियानको सम्बन्धमा कुनै जिज्ञासा भएमा नजिकैको बिद्यालय, स्वास्थ्य संस्था स्वास्थ्यकर्मी वा म.स्वास्थ्य सयम सेविकासँग जानकारी लिन सकिन्छ भने नि:शुल्क कल सेन्टर १११५ बाट समेत जानकारी पाउन सकिन्छ । बिद्यालय नजाने १० बर्षदेखि १४ बर्ष सम्मका किसोरिहरु यो खोप बाट छुटन नदिन सहयोग गरिदिनुहन अनुरोध छ । खोप लगाएसंगै सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौ साथै यो एच.पी.भी. खोप आगामी आ.व. देखि नियमित रुपमा समेत संचालन हुनेछ ।

जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर

॥ बिशेष आकर्षण ॥

हेटौंडा आईडल

हेटौंडा आईडल
Construction Expo-2

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौरमा दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१ हुन गइरहेको छ । सोही अवसरमा हेटौंडा आईडल गायन प्रतियोगिता हुने भएकोले इच्छुक नव गायकहरुले सम्पर्क कार्यालयमा सम्पर्क गरी रु १०००/- रु शुल्कमा फाराम खरिद तथा शुल्कसहित फोटो सहित २०८१ फागुन ४ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।
सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा ४
सम्पर्क : ०५७-५२०८१६, ९८०४२००७५१ (हिमेश)

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
☞ निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞ बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞ सूचना प्रविधि प्रदर्शनी ।
☞ कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞ दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞ शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞ मनोरञ्जनात्मक बाल उद्यान ।
☞ नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना